# कृषि विकास कार्यक्रम सञ्चालन प्रक्रिया,२०७९

(माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७९/०७/०२)

**बागमती प्रदेश सरकार**

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## हेटौंडा, नेपाल

# कृषि विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९

बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट चालू आर्थिक वर्ष २०७९/८० मा कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि सञ्चालन गरिने कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनिय भएकोले मन्त्रालयवाट यो सञ्चालन प्रक्रिया स्वीकृत गरि लागू गरिएको छ ।

## परिच्छेद-१
## परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"केन्द्र"** भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(ख) **"कृषक समुह"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषक समुह सम्झनु पर्छ ।

(ग) **"कृषि सहकारी"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि सहकारी सम्झनु पर्छ ।

(घ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश बुझ्नु पर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई बुझ्नु पर्दछ ।

(च) **"निर्देशनालय "** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बुझ्नु पर्दछ ।

(छ) **"स्थानीय तह"** भन्नाले बागमती प्रदेश भित्रका गाउपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका बुझ्नु पर्छ ।

(ज) **"निजी क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि फर्म/कम्पनी बुझ्नु पर्छ ।

## परिच्छेद-२

## पाच बिगाहा भन्दा बढी तरकारी खेती गर्ने कृषक, कृषि फर्म, कृषक समुह र कृषि सहकारीलाई कोल्ड चेम्बर वितरण कार्यक्रम

१. **आवेदकः** बागमती प्रदेशका कृषक, कृषि फर्म, कृषक समुह र कृषि सहकारी ।

२. **आवेदकको न्यूनतम मापदण्ड**ः ५ विगाहामा खेती हुनुपर्ने ।

३. **लाभग्राही छनौट प्रक्रियाः**

- (क) राष्ट्रियस्तरको पत्रिकामा अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,
- (ख) आवेदकले आवेदनको साथ प्रस्ताव पेश गर्नुपर्ने,
- (ग) दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,
- (घ) प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम समिति गठन गर्नुपर्ने,
- (ङ) आवश्यकता अनुसार मूल्याङ्कनको आधारहरु समितिले तयार गरी कार्यालयवाट स्वीकृत गर्नुपर्ने,
- (च) छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने ।

४. **प्रस्तावका साथ आवेदकले पेश गर्नुपर्ने आवश्यक कागजातहरु**ः

- (क) संस्था दर्ताको प्रमाण पत्र, PAN/VAT दर्ता तथा नविकरण प्रमाण पत्र,
- (ख) कोल्ड चेम्बर निर्माण गरिने जमिन आवेदकको नाममा भएको वा कम्तिमा १० वर्ष करारमा लिएको प्रमाण,
- (ग) अनुसूची-२ बमोजिमको आवेदन,
- (घ) अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र,
- (ङ) हाल खेती भईरहेको जमिनको क्षेत्रफल,
- (च) स्थानीय तहको सिफारिस पत्र,

५. **लागत अनुमान स्वीकृत**ः कोल्ड चेम्बर निर्माणको लागि वार्षिक कार्यक्रम र बजेटको अधिनमा रही लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ । लागत अनुमान तयार गर्दा कुल लागत अनुमानको बढीमा २ प्रतिशत कन्टिन्जेनसी छुटयाउन सकिनेछ ।

६. **कोल्ड चेम्बरको क्षमता**ः कम्तिमा पाच मेट्रिक टनको हुनुपर्नेछ ।

७. **कोल्ड चेम्बर निर्माण व्यवसायीको छनौट**ः सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम गर्नुपर्नेछ ।

८. **बजेट निकासा**ः कोल्ड चेम्बर निर्माण कार्य सम्पन्न पश्चात कार्यसम्पन्न प्रगति प्रतिवेदन, प्राविधिकको सिफारिस, फोटो तथा लाभग्राहीको सिफारिसका आधारमा निर्माण व्यवसायीको बैक खाता मार्फत भुक्तानी गरिनेछ ।

९. **कोल्ड चेम्बर निर्माण**ः ५ विगाहा भन्दा बढी क्षेत्रफलमा तरकारी खेती गर्ने आवेदकहरु मध्ये जसले पहिला आवेदन दर्ता गर्नेछ उसैलाई प्राथमिकतामा राखि कोल्ड चेम्बर निर्माण गरिनेछ ।

## <u>उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम</u>

१. **<u>कार्यक्रम लागू हुने कृषि बाली वस्तु</u>**: आलु, प्याज, लसुन र अदुवा

२. **<u>प्रोत्साहन रकम</u>**: प्रति के.जि. पचास पैसाको दरले

३. **<u>आवेदकः</u>** बागमती प्रदेशका कृषक, कृषि फर्म, कृषक समुह र कृषि सहकारी ।

४. **<u>लाभग्राही छनौट प्रक्रियाः</u>**

(क) राष्ट्रियस्तरको पत्रिकामा अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नुपर्ने,

(ख) आवेदकले निवेदन पेश गर्नुपर्ने,

(ग) दर्ता भएका निवेदनको मूल्याङ्कन गर्नुपर्ने,

(घ) मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

(ङ) आवश्यकता अनुसार मूल्याङ्कनको आधारहरु समितिले तयार गरी कार्यालयवाट स्वीकृत गर्नुपर्ने,

(च) प्याज लसुन र अदुवाको हकमा १० क्विन्टल भन्दा बढी उत्पादन गर्नुपर्ने,

(छ) छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने ।

५. **<u>प्रस्तावका साथ आवेदकले पेश गर्नुपर्ने आवश्यक कागजातहरु</u>**:

(क) संस्था दर्ताको प्रमाण पत्र, PAN/VAT दर्ता तथा नविकरण प्रमाण पत्र,

(ख) लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए सम्झौता पत्रको प्रतिलिपि,

(ग) अनुसूची-२ बमोजिमको आवेदन र अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र

(घ) हाल खेती भईरहेको जमिनको क्षेत्रफल,

(ङ) स्थानीय तहको सिफारिस पत्र,

६. **<u>लाभग्राहीले निवेदन पेश गर्नुपर्ने</u>**: लाभग्राहीहरुले बाली वस्तुको उत्पादन लिनु वा बिक्री गर्नु भन्दा १ महिना अगावै स्थलगत अनुगमन तथा उत्पादन एकीन गरी पाउँ भनी अनुसूची-४ बमोजिम निवेदन पेश गर्नुपर्नेछ ।

७. **<u>कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने</u>**: लाभग्राहीको निवेदन प्राप्त भएको १ महिना भित्र केन्द्रले प्राविधिक, स्थानीय तहका प्राविधिक र कृषकहरुको रोहवरमा स्थलगत रुपमा कूल उत्पादनको एकीन गरी त्यसका आधारमा कृषकले प्राप्त गर्ने अनुदान रकम स्पष्ट रुपमा खुल्ने गरी अनुसूची-५ बमोजिमको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

८. **<u>रकम भुक्तानी</u>**: कार्यसम्पन्न प्रतिवेदनका आधारमा केन्द्रले प्रचलित कानून बमोजिम लाभग्राहीको बैक खाता मार्फत भुक्तानी गरिनेछ ।

## सहकारी मोडेलमा सञ्चालित चिस्यान भण्डारलाई विद्युत महशुलमा छुट

१. **कार्यक्रम सञ्चालन हुने स्थान**: यो कार्यक्रम बागमती प्रदेश भर लागु हुनेछ।

२. **आवेदक**: शीत भण्डार सञ्चालन गर्ने सहकारीहरु

३. **लाभग्राही छनौट प्रक्रीया**:

(क) चिस्यान भण्डार सञ्चालन गर्ने सहकारीहरुबाट आवेदन पेश गर्न अनुसूची-१ बमोजिमको राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ,

(ख) आवेदन दर्ता गर्नुपर्ने,

(ग) दर्ता भएका आवेदकलाई सूचीकृत गर्नुपर्ने,

(घ) सुचीकृत भएका आवेदकलाई जानकारी दिनुपर्ने ।

४. **मापदण्ड पुरा गर्नुपर्ने**: आवेदकले देहायबमोजिमको मापदण्ड पूरा गर्नुपर्नेछः-

(क) चिस्यान भण्डारको कुल क्षमताको कम्तिमा ५० प्रतिशत क्षमतामा स्थानीय उत्पादन भण्डारण गरेको हुनुपर्ने,

(ख) आवेदकको को नाममा विद्युत मिटर जडान गरिएको हुनुपर्ने ।

५. **संलग्न कागजातहरु**:

(क) रु. १०।- को टिकट टाँसेको आवेदन,

(ख) संस्था दर्ता प्रमाण पत्र, PAN दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्र,

(ग) अनुसूची-२ बमोजिमको आवेदन र अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र

(घ) स्थानीय तहको शीतभण्डारको लागि विद्युत प्रयोग गरेको ग्राहक नम्बर सहितको सिफारिस पत्र,

(ङ) विद्युत मिटर जडान गरिएको प्रमाण वा आवेदकले कृषि उपजको भण्डारको लागि प्रयोग गरेको भनि विद्युत प्राधिकरणबाट सिफारिस पत्र ।

६. **सहुलियत रकम**: विद्युत खपत महशुलमा बढिमा पचास प्रतिशत

७. **रकम भुक्तानी**: सुचीकृत भएका आवेदकहरुले चौमासिक रुपमा तिरेको विद्युत महशुलको विलसहित रकम भूक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ सक्नेछन्। सहुलियत रकम लाभग्राहीको बैंक खातामा उपलब्ध गराईनेछ ।

## वन करिया, सुरेल, जिरेल, हायु लगायत अल्पसंख्यक तथा सिमान्तकृत जाती र दलित एवम् पिछडिएका जातीहरुका लागि कृषिमा आधारित आयआर्जन कार्यक्रम

१. **कार्यक्रम लागू हुने स्थान**: यो कार्यक्रम बागमती प्रदेशभर लागु हुनेछ ।

२. **आवेदक**: वन करिया, सुरेल, जिरेल, हायु लगायत अल्पसंख्यक तथा सिमान्तकृत जाती र दलित एवम् पिछडिएका जातजातीहरु एवम् उनिहरुवाट गठित समूह, सहकारी र निजि फर्म

३. **लाभग्राही छनौट प्रक्रिया**:

(क) आवेदकहरुवाट आवेदन पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नुपर्नेछ,

(ख) निवेदन दर्ता गर्नुपर्ने,

(ग) दर्ता भएका निवेदनको मूल्याङ्कन गर्नुपर्ने,

(घ) मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

(ङ) मूल्याङ्कनको आधारहरु समितिले तयार गरी कार्यालयवाट स्वीकृत गर्नुपर्ने,

(च) छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने,

(छ) छनौट भएका आवेदकलाई जानकारी दिनुपर्ने,

(ज) छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने ।

४. **आवेदनको साथ संलग्न आवश्यक कागजातहरु**:

(क) रु.१० को टिकट टाँसेको निवेदन,

(ख) दर्ता, स्थायी लेखा नम्बर वा भ्याटमा दर्ता र नविकरणको प्रमाण पत्रको प्रतिलिपि,

(ग) अनुसूची-२ बमोजिमको आवेदन र अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र,

(घ) अल्पसंख्यक/सिमान्तकृत/दलित/पिछडिएका जातिहरु खुल्ने परिचयपत्र को प्रतिलिपी वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/ स्थानिय तह/ वडाको सिफारिस,

(ङ) सम्बन्धित स्थानिय तहको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको स्थानिय तह/वडाको सिफारिस,

(च) समुह/संस्थाको निर्णयको प्रतिलिपि,

(छ) कार्य योजना ।

५. **सहभागिता**: लाभग्राहीले स्वीकृत कार्ययोजना र बजेटमा कम्तिमा दश प्रतिशत (१०%) लागत सहभागिता गर्नुपर्नेछ ।

८. **सञ्चालन गर्न सकिने क्रियाकलापहरु**: यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यहरु गर्न सकिनेछः-

(क) बेमौसमी तरकारी खेती,

(ख) प्रांगारिक तरकारी खेती,

(ग) फलफूल तथा पुष्प खेती,

(घ) खाद्यान्न बाली खेती,

(ङ) नगदेबाली खेती,

(च) मौरी पालन/ मह उत्पादन,

(छ) च्याउ खेती,

(ज) प्लाष्टिक टनेल निर्माण,

(झ) साना सिंचाई (थोपा सिंचाई),

(ञ) रैथाने बाली खेती

९. **<u>अभिमुखीकरण कार्यक्रम</u>**: आवश्यकता अनुसार यस कार्यक्रमको लागी छनौट भएका लाभग्राहीसगँ कार्यक्रम संचालन र प्रभावकारी कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम गर्न सकिनेछ । सो अन्तरक्रिया गोष्ठी, अनुगमन, सुचना प्रकाशन आदिका लागि बढीमा २ प्रतिशत कन्टिनजेन्सी रहनेछ ।

१०. **<u>रकम भुक्तानी</u>**: कार्यसम्पन्न प्रतिवेदनको आधारमा लाभग्राहीको बैंक खातामा रकम उपलब्ध गराईनेछ ।

## <u>एकल महिला द्वारा उत्पादित कृषि उत्पादनमा प्रोत्साहन कार्यक्रम</u>

१. <u>कार्यक्रम सञ्चालन हुने स्थानः</u> बागमती प्रदेशभर

२. <u>आवेदकः</u> एकल महिला वा एकल महिलाद्वारा सञ्चालित कृषि फर्म

३. <u>लाभग्राही छनौट प्रक्रियाः</u>

(क) आवेदकहरुवाट आवेदन पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नुपर्ने,

(ख) निवेदन दर्ता गर्नुपर्ने,

(ग) दर्ता भएका निवेदनको मूल्याङ्कन गर्नुपर्ने,

(घ) मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

(ङ) मूल्याङ्कनको आधारहरु समितिले तयार गरी कार्यालयवाट स्वीकृत गर्नुपर्ने,

(च) छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने

(छ) छनौट भएका आवेदकलाई जानकारी दिनुपर्ने,

(ज) छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने ।

४. <u>आवेदनको साथ संलग्न आवश्यक कागजातहरुः</u>

(क) रु.१० को टिकट टाँसेको निवेदन,

(ख) दर्ता, स्थायी लेखा नम्बर वा भ्याटमा दर्ता र नविकरणको प्रमाण पत्रको प्रतिलिपि(फर्मको हकमा)

(ग) एकल महिला परिचयको प्रमाण,

(घ) अनुसूची-२ बमोजिमको आवेदन र अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र

(ङ) सम्बन्धित स्थानिय तहको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको स्थानिय तह/वडाको सिफारिस,

(च) कार्य योजना,

५. <u>सहभागिताः</u> लाभग्राहीले स्वीकृत कार्ययोजना र बजेटमा कम्तिमा दश प्रतिशत (१०%) लागत सहभागिता गर्नुपर्नेछ ।

६. <u>सञ्चालन गर्न सकिने क्रियाकलापहरुः</u> यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यहरु गर्न सकिनेछः-

(क) बेमौसमी तरकारी खेती,

(ख) प्रांगारिक तरकारी खेती,

(ग) फलफूल तथा पुष्प खेती,

(घ) खाद्यान्न बाली खेती,

(ङ) नगदेबाली खेती,

(च) मौरी पालन/ मह उत्पादन,

(छ) च्याउ खेती,

(ज) प्लाष्टिक टनेल निर्माण,

(झ) साना सिंचाई (थोपा सिंचाई),

(ञ) रैथाने बाली खेती

११. **<u>अभिमुखीकरण कार्यक्रम</u>**: आवश्यकता अनुसार यस कार्यक्रमको लागी छनौट भएका लाभग्राहीसगँ कार्यक्रम संचालन र प्रभावकारी कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम गर्न सकिनेछ । सो अन्तरक्रिया गोष्ठी, अनुगमन, सुचना प्रकाशन आदिका लागि बढीमा २ प्रतिशत कन्टिनजेन्सी रहनेछ ।

१२. **<u>रकम भुक्तानी</u>**: कार्यसम्पन्न प्रतिवेदनको आधारमा लाभग्राहीको बैंक खातामा रकम उपलब्ध गराईनेछ ।

## कृषिमा उच्च शिक्षा हासिल गरेका तथा बेरोजगार युवाहरुमा उधमशिलता प्रबर्धनको लागि सहयोग कार्यक्रम

१. **कार्यक्रम सञ्चालन** : बागमती प्रदेशभर

२. **आवेदक**: कृषि बिषयमा कम्तिमा स्नातक अध्ययन पुरा गरी ४० बर्ष ननाघेको उमेर समुहको युवा

३. **लाभग्राही छनौट प्रक्रिया**:

(क) आवेदकहरुवाट आवेदन पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा पटक पटक सूचना प्रकाशन गर्नुपर्ने,

(ख) निवेदन सहित अनुसूची-६ बमोजिम प्रस्ताव दर्ता गर्नुपर्ने,

(ग) दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,

(घ) मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम समिति गठन गर्नुपर्ने

(ङ) मूल्याङ्कनको आधारहरु अनुसूची-७ बमोजिम हुनेछ,

(च) छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने,

(छ) छनौट भएका आवेदकलाई जानकारी दिनुपर्ने,

(ज) छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने ।

४. **आवेदकको नयूनतम योग्यता**:

(क) कृषि बिषयमा न्युनतम स्नातक तहको अध्ययन पुरा गरेको,

(ख) २० वर्ष पूरा गरी ४० वर्ष ननाघेको ।

५. **संलग्न कागजातहरु**

(क) रु. १० को हुलाक टिकट टाँस गरेको निवेदन,

(ख) आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र व्यक्तिगत पान नं र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

(ग) आवेदकले हाँसिल गरेको कृषि बिषयमा शैक्षिक उपाधिको प्रमाणपत्र,

(घ) कम्तिमा ६ महिना देखि कुनै पनि औपचारिक क्षेत्रमा रोजगार नभएको स्व-घोषणापत्र,

(ङ) संस्थाको हकमा स्थायि लेखा नम्बर (PAN) दर्ता/नविकरण प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(च) अनुसूची-६ बमोजिमको प्रस्ताव,

(छ) आवेदक व्यक्ति बेरोजगार रहेको सम्बन्धि स्थानिय तहको सिफारिस,

(ज) आवेदकले आफ्नै स्वामित्वमा पूर्वाधार निर्माणको लागि प्रयाप्त जमिन भएको वा तोकिए बमोजिमको अबधिको लागि जमिन भाडामा लिएको प्रमाण ।

६. **सञ्चालन गर्न सकिने क्रियाकलापहरु**:

(क) उन्नत प्रविधिको प्रदर्शन तथा उत्पादन,

(ख) ब्यबसायिक कृषि उत्पादन,

(ग) नयाँ प्रविधिको अनुसन्धान,

(घ) स्थानीय उत्पादनको प्रबर्धनको लागि प्रशोधन, ब्रान्डीङ, तथा बजारीकरण प्रबर्धन,

(ङ) ब्याबसायिक करार खेति,

(च) समुदायमा सकारात्मक प्रभाब पार्ने तथा उधमशिलता तथा नबप्रबर्तन प्रबर्धन गर्ने अन्य कार्यक्रमहरु ।

७. <u>साझेदारी</u>ः कम्तिमा १५% रकमको साझेदार लाभग्राहीले आफैले गर्नु पर्ने छ ।

८. <u>बजेट निकासा</u>ः कार्य सम्पन्न पश्चात कार्यसम्पन्न प्रगति प्रतिवेदन, प्राविधिकको सिफारिस, फोटो तथा स्थलगत भ्रमणका आधारमा लाभग्राहीलाई बैक खाता मार्फत भुक्तानी गरिनेछ ।

## <u>कृषियन्त्र प्रयोग मार्फत खाद्यान्न बाली रोपण देखि बाली भित्र्याउने क्रियाकलाप सम्म लाग्ने यन्त्र प्रयोगको भाडामा छुट दिने</u>

१. <u>कार्यक्रम लागू हुने कृषि बाली वस्तु</u>ः धान, मकै, गहुँ, कोदो र फापर ।

२. <u>आवेदकः</u> बागमती प्रदेशका कृषि फर्म, कृषक समुह र कृषि सहकारी ।

३. <u>सहुलियत रकमः</u> कृषि यन्त्र प्रयोगवाट हुने जम्मा खर्चको ५० प्रतिशत छुट

४. <u>लाभग्राही छनौट प्रक्रियाः</u>

(क) राष्ट्रियस्तरको पत्रिकामा अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,

(ख) आवेदकले निवेदन पेश गर्नुपर्ने,

(ग) दर्ता भएका निवेदनको मूल्याङ्कन गर्नुपर्ने,

(घ) मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

(ङ) मूल्याङ्कनको आधारहरु समितिले तयार गरी कार्यालयवाट स्वीकृत गर्नुपर्ने,

(च) पहाडमा न्यूनतम ५ रोपनी र तराईमा न्यूनतम १० कठ्ठामा खाद्यान्न बालीको खेती गर्नुपर्ने,

(छ) छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने ।

५. <u>प्रस्तावका साथ आवेदकले पेश गर्नुपर्ने आवश्यक कागजातहरु</u>ः

(क) संस्था दर्ताको प्रमाण पत्र, PAN/VAT दर्ता तथा नविकरण प्रमाण पत्र,

(ख) यन्त्र प्रयोग हुने जमिनको क्षेत्रफल,

(ग) अनुसूची-२ बमोजिमको आवेदन र अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र

(घ) स्थानीय तहको सिफारिस पत्र,

६. <u>कृषि यन्त्र प्रयोग गर्न ईच्छुक धनी सूचिकृत गर्नुपर्ने</u>ः किसानको खेतवारीमा कृषि यन्त्र भाडामा प्रयोग गर्न ईच्छुक कृषि यन्त्र धनिहरुलाई प्रचलित कानून बमोजिम सूचिकृत गराउनुपर्नेछ ।

७. <u>क्षेत्र निर्धारण</u>ः आवेदक र कृषि यन्त्र धनि विच समन्वय गरि क्षेत्र निर्धारण गर्ने ।

८. <u>लाभग्राहीले निवेदन पेश गर्नुपर्ने</u>ः लाभग्राहीहरुले बाली वस्तुको रोपण देखि बाली भित्र्याउने समय उल्लेख गरि १ महिना अगावै निवेदन पेश गर्नुपर्नेछ ।

९. <u>कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने</u>ः लाभग्राहीको निवेदन प्राप्त भएपछि कार्यालयले प्राविधिक, स्थानीय तहका प्राविधिक र कृषकहरुको रोहवरमा स्थलगत अनुगमन गरि प्रोत्साहन रकम स्पष्ट रुपमा खुल्ने गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१०. <u>रकम भुक्तानी</u>ः कार्यसम्पन्न प्रतिवेदन तथा लाभग्रहीको सिफारिसको आधारमा प्रचलित कानून बमोजिम कृषि यन्त्रको मालिकको बैक खाता मार्फत भुक्तानी गरिनेछ ।

## समुह/सहकारी /निजि क्षेत्रसगँको सहकार्यमा हाईब्रिड ड्रायर वितरण कार्यक्रम

१. **आवेदक:** बागमती प्रदेशका कृषि फर्म, कृषक समुह र कृषि सहकारी ।

२. **लाभग्राही छनौट प्रक्रिया:**

(क) राष्ट्रियस्तरको पत्रिकामा अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,

(ख) आवेदकले निवेदन साथ अनुसूची-८ बमोजिम प्रस्ताव पेश गर्नुपर्ने,

(ग) दर्ता भएका निवेदनको मूल्याङ्कन गर्नुपर्ने,

(घ) मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम समिति गठन गर्ने,

(ङ) मूल्याङ्कनको आधारहरु अनुसूची-९ बमोजिम हुनेछ,

(च) छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने ।

३. **प्रस्तावका साथ आवेदकले पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) संस्था दर्ताको प्रमाण पत्र तथा VAT/PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ख) अनुसूची-८ अनुसारको प्रस्ताव,

(ग) लागत साझेदारी गर्ने निर्णयको प्रतिलिपि ।

(घ)अनुसूची-२ बमोजिमको आवेदन र अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र

(ङ)कम्तिमा ५ वर्ष सञ्चालन गर्ने कार्ययोजना (आबेदक संस्थाको बैठकबाट निर्णय भएको हुनुपर्ने)।

(च)स्थानीय तहको सिफारीस,

(छ) खरिद गर्न चाहेको हाइब्रिड सोलार ड्रायरको specification र catalogue ,

(ज)हाइब्रिड सोलार ड्रायरको उपयोग हुने गरि कृषि कर्म गरिरहेको प्रमाण,

(झ) च्याउको वार्षिक उत्पादन कम्तीमा ३००० के.जी. हुनुपर्ने,

(ञ)तरकारीको हकमा कम्तिमा ३ रोपनी खेती भएको,

४. **कन्टिन्जेन्सी रकम**ः लागत अनुमानको बढीमा २ प्रतिशत कन्टिन्जेन्सी वापत कट्टा गर्न सकिनेछ । सो रकम हाईब्रिड सोलार ड्रायर प्राप्त गरेका कृषकहरुको लागि तालीम, अनुगमन, बैठक भत्ता लगायतमा खर्च गर्न सकिनेछ ।

५. **कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने**ः लाभग्राहीले कार्यसम्पन्न गरेपश्चात कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

६. **रकम भुक्तानी**ः कार्यसम्पन्न प्रतिवेदनको आधारमा प्रचलित कानून बमोजिम लाभग्राहिको बैक खाता मार्फत भुक्तानी गरिनेछ ।

## मौसममा आधारित कृषि प्रसार सेवा कार्यक्रम

१. **कार्यक्रम संचालन हुने जिल्लाः** मौसममा आधारित कृषि प्रसार सेवा सम्बन्धित कार्यक्रम संचालनार्थ बजेट तथा कार्यक्रम विनियोजन भएको जिल्लामा संचालन हुनेछ ।

२. **निर्देशक समितिः** (१) मौंसमममा आधारित कृषि प्रसार सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ।

| | |
|---|---|
| क. सचिव, मन्त्रालय | -संयोजक |
| ख. उप-महानिर्देशक, जल तथा मौसम विज्ञान विभाग | - सदस्य |
| ग. प्रमुख, निर्देशनालय | -सदस्य |
| घ. प्रमुख, केन्द्र | - सदस्य |
| ङ. प्रमुख, योजना महाशाखा, मन्त्रालय | -सदस्य सचिव |

(२) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार बढीमा ३ जना विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) निर्देशक समितिको बैठक वर्षमा कम्तिमा एक पटक र आवश्यकता अनुसार बस्नेछ।

(४) निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. प्रभावकारी कृषि प्रसार सेवा संचालनार्थ जनशक्ति व्यवस्थापन तथा परिचालन र बजेट व्यवस्थापन गर्ने,

ख. मौसममा आधारित कृषि प्रसार सेवाको नतिजामूलक कार्यान्वयनका विभिन्न निकायसँग समन्वय गर्ने,

ग. कृषि प्रसार सेवाको अनुगमन तथा मुल्याङ्कन गर्ने गराउने,

घ. प्रभावकारी कृषि प्रसार सेवाको लागि केन्द्रलाई आवश्यक निर्देशन दिने ।

३. **प्राविधिक कार्य समुहः** (१) यस कार्यविधि बमोजिम कृषि प्रसार सेवाको प्रवाकारी कार्यान्वयनका लागि केन्द्रमा देहाय बमोजिमको प्राविधिक कार्य समुह रहनेछ ।

| | |
|---|---|
| क. प्रमुख, केन्द्र | - संयोजक |
| ख. बागवानी/बाली संरक्षण/बाली विकास अधिकृतवाट २ जना | -सदस्य |
| ग. बाली रोग/कीट विज्ञ, नेपाल कृषि अनुसन्धान परिषद मातहतको कार्यालयबाट एक जना | -सदस्य |
| घ. बाली रोग/कीट विज्ञ, सम्बन्धित जिल्लामा रहेको कृषि विश्वविद्यालय/अध्ययन सँस्थान/कृषि शिक्षण संस्था मध्येबाट एक जना | -सदस्य |
| ङ. कृषि प्रसार अधिकृत | -सदस्य सचिव |

(२) प्राविधिक कार्य समुहको बैठकमा आवश्यकता अनुसार बढीमा ३ जना विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) प्राविधिक कार्य समुहको बैठक साधरणतया पाक्षिक रुपमा बस्नेछ। तर आवश्यकता अनुसार जुन सुकै समयको अन्तरालमा पनि वैठक बस्ने बसाउने सम्बन्धी अधिकार संयोजकको हुनेछ। संयोजकको स्वीकृति लिई सदस्य सचिवले बैठक आवहान गर्न सक्नेछ।

(४)आकस्मिक अवस्थामा संयोजकले जुनसुकै बखतमा पनी प्राविधिक कार्य समुहलाई स्थलगत निरक्षणका लागि आव्हान गर्न सक्नेछ ।

(५) केन्द्रको कृषि प्रसार अधिकृत वा कृषि ज्ञान केन्द्र प्रमुखले तोकेको प्राविधिक, प्राविधिक कार्य समुहको सम्पर्क अधिकृतको रुपमा रहनेछ।

(६) प्राविधिक कार्य समुहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. मौसमी अवस्था तथा कृषकका समस्याहरुबारे जानकारी मोबाईल एप वा अन्य माध्यम बाट प्राप्ति गर्ने,

ख. प्राप्त जानकारी र अघिल्ला तथ्याङ्कहरुको आधारमा हुन सक्ने समस्याहरुको समेत आंकलन गर्दै कृषकहरुको समस्या लक्षित बाली ब्यवस्थापनका उपयुक्त विधिहरु बारे समुहको बैठकमा छलफल गर्ने,

ग. समस्याको समाधान, अप्रत्याशित मौसमको पुर्वानुमान, बाली ब्यवस्थापन, उपयुक्त आधुनिक प्रविधिहरुको प्रयोग, रोग किरा ब्यवस्गापन आदीको जानकारी आवश्यकता अनुसार मोबाईल **SMS,** रेडियो, पत्रपत्रिका आदी मार्फत जुनसुकै समयमा पनि उपलब्ध गराउने र पाक्षिक रुपमा बुलेटिन प्रकाशन गर्ने,

घ. आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने तथा प्रयोगशाला परिक्षण सम्बन्धि कार्यहरु गर्ने/गराउने ।

ङ. तथ्यपरक तथ्याङ्क प्राप्त गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

च. निर्देशक समितिको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने।

४. <u>संचालन गरिने क्रियाकलापहरुः</u> यस कार्यविधि बमोजिमको उद्देश्यहरु प्राप्तिको लागि निम्न क्रियाकलापहरु संचालन गर्न गरिनेछ ।

**(क) कृषकहरुको सूची प्रविष्टीः** यस कार्यविधि बमोजिम प्रभावकारी कृषि प्रसार सेवा प्रवाह गर्न जिल्लामा ब्यवसायिक रुपमा खेती गर्ने बाली बस्तुलाई प्राथमिकता दिई उक्त बाली वस्तुका ब्यावसायिक कृषकहरुलाई सूचीकृत गरिकृत गरिंदैं लगिनेछ । कुन बाली वस्तुलाई प्राथमिकत दिने भन्ने निर्णय सम्बन्धित केन्द्रले गर्नेछ ।केन्द्रले केही बाली वस्तुबाट शुरुवात गरी जिल्लामा उत्पादन हुने सबै मुख्य बालीवस्तुमा मौसममा आधारित कृषि प्रसार सेवा संचालन गर्नेछ ।

**(ख) तथ्याङ्क संकलनः** यस कार्यविधि बमोजिम प्रभावकारी कृषि प्रसार सेवा प्रवाहको लागि प्राविधक कार्य समुहले मौसम सम्बन्धि तथ्याङ्क र किसानको समस्या संग सम्बन्धि तथ्याङ्कहरु संकलन

गर्नेछ। मौसम सम्बन्धी तथ्याङ्क तथा पूर्वानुमान/ परिदृष्य जल तथा मौसम विज्ञान विभागबाट प्राप्त गर्नेछ। किसानको बालीनालीको अवस्था र समस्या संग सम्बन्धित तथ्याङ्कहरु जिल्ला स्थित स्थानिय तहमा कार्यरत कृषि प्राविधिकहरु, कृषि ज्ञान केन्द्रका प्राविधिकहरु, प्राविधिक कार्य समुहका सदस्यहरु, व्यवसायिक कृषकहरु, कृषि सहकारी, कृषक समूहहरुबाट मोबाईल एप वा अन्य उपयुक्त माध्यम मार्फत संकलन गर्नेछ। प्रावधिक कार्य समुहलाई उपलब्ध गराउने तथ्याङ्क अनुसुची १० अनुसारको ढाँचामा हुनुपर्नेछ।

(ग) **प्रावधिक कार्य समुहको बैठक तथा स्थलगत निरीक्षणः** प्रावधिक कार्य समुहको बैठक तथा स्थलगत निरीक्षण संयोजकले तोके बमोजिम बस्नेछ । उपलब्ध तथ्याङ्कहरुको विश्लेषण गरी केन्द्रको कार्यक्षेत्र भित्र रहेको स्थानमा गरिनुपर्ने कृषि कर्म, देखिएका र सम्भाव्य रोग किराको ब्यवस्थापन तथा सम्भावित मौसम जन्य जोखिम न्युनीकरण गर्न अपनाउनुपर्ने बाली ब्यवस्थापनका विधिहरु समेटी बारे कृषि मौसम सल्लाह प्रदान गर्नेछ ।

(घ) **कृषि मौसम सल्लाहको प्रकाशन तथा प्रशारणः** केन्द्रले कृषकहरुलाई प्रदान गरिने कृषि मौसम सल्लाह पाक्षिक रुपमा बुलेटिन मार्फत प्रकाशन गर्नेछ भने रेडियो, पत्रपत्रिका र मोबाई एस एम एस मार्फत आवश्यकता अनुसार जुन सुकै समयमा पनि प्रकाशन तथा प्रशारण गर्नेछ ।प्रकाशित बुलेटिन जिल्लाका सबै सरोकारवालाहरुलाई स्थानीय ईमेलमार्फत पठाईनेछ।साथै केन्द्रको वेबसाइट, फेसबुक पेज तथा अन्य सामाजिक संजाल मार्फत समेत प्रशारण गर्नेछ । केन्द्रबाट प्रकाशित हुने कृषि मौसम सल्लाह बुलेटिन मौसमी अवस्थाको सारांश, कृषि अवस्थाको सारांश र कृषि सल्लाह गरी ३ खण्डमा विषयवस्तु समावेश गरी अनुसूची-११ बमोजिमको ढाँचामा हुनेछ।कृषि सल्लाह खण्डमा समय अनुसार विभिन्न बालीनालीहरुको आधुनिक खेती प्रविधि. देखिएका र सम्भावित समस्याहरुको विवरण र बाली ब्यवस्थापनका उपयुक्त विधिहरुलाई विस्तृत रुपमा समावेश गरिएको हुनेछ ।

(ङ) **कृषि विज्ञ, प्रावधिक र कृषकहरुको प्रभावकारी संजाल** (Network) **निर्माणः** यस कार्यविधि बमोजिम मौसममा आधारित कृषि प्रसार सेवालाई प्रभावकारी रुपमा संचालन गर्नको लागि कृषि विज्ञ, प्रावधिक र कृषकहरुविच विभिन्न तहमा संजाल (**Network**) निर्माण गरिनेछ। केन्द्रमा रहने प्रावधिक कार्य समुहले विभिन्न क्षेत्रका विज्ञहरु र स्थानीय तहका कृषि प्रावधिकहरु विच निरन्तर र सहज सम्पर्क गर्न सकिने हिसावले छुट्टाछुट्टै उपयुक्त डिजिटल सामाजिक संजाल (जस्तै **Whatsapp, Messenger, Viber** मा समुह) बनाउनेछ । त्यसैगरी स्थानीय तहका कृषि प्राविधिकहरुले प्रावधिक कार्यसमुह र विभिन्न बाली वस्तु विशेषका कृषक/कृषक समुह/कृषि सहकारी आदी सँग सोही प्रकृतिको संजाल बनाउनेछ । यसबाट कृषकका समस्या, बालीनालीको अवस्था, बाली विशेष विभिन्न विवरण जस्तै क्षतिको विवरण, उत्पादन, बजार अवस्था आदी बारेको

जानकारी स्थानीय तहका प्राविधिकहरु मार्फत केन्द्रमा रहने प्राविधिक कार्य समुहलाई उपलब्ध हुनेछ । आवश्यकता अनुसार कार्य समुहले सम्पर्कमा रहेका विज्ञहरुसँग राय लिइ आवश्यक परामर्श विभिन्न माध्यमबाट दिनेछ ।यसरी निर्माण गरिएको संजाल मार्फत आधुनिक प्रविधिहरुको प्रचार प्रसार, कृषि सम्बन्धि विभिन्न जानकारी र सूचनाहरु समेत प्रशारण गरिनेछ ।

(च) **क्षमता अभिवृद्धी तथा अन्तरक्रियाः** केन्द्रले यस कार्यविधि बमोजिमको उद्देश्यहरुको प्राप्तिको लागि स्थानीय तह र केन्द्रका प्राविधिकहरु, प्राविधिक कार्य समुहका सदस्यहरु र कृषकहरुको लागि क्षमता अभिवृद्धी सम्बन्धी तालिम, गोष्ठी, भ्रमण आदी संचालन गर्न सक्नेछ । साथै कार्यक्रमको प्रभावकारिता तथा पृष्ठपोषण सम्बन्धमा सरोकारवाला निकाय र कृषकहरुसँग अन्तरक्रिया कार्यक्रम गर्नेछ ।

(छ) **जनशक्ति व्यवस्थापन**ः

कार्यविधि बमोजिम मौसममा आधारित कृषि प्रसार सेवालाई प्रभावकारी रुपमा संचालन गर्न मन्त्रालयले कार्यक्रम लागु भएको जिल्लामा आवश्यकता अनुसार जनशक्तीको व्यवस्थापन गर्नेछ ।

५. **कार्यक्रम संचालनको आर्थिक पक्षः** (१) वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही नियमानुसार बैठक भत्ता, खाजा खर्च, भ्रमण खर्च, संलग्न कर्मचारीलाई अभिमूखीकरण, क्षमता अभिवृद्धि तालिम तथा भ्रमण, स्टेशनरी, प्रिन्टिङ, प्रकाशन, प्रचारप्रसार, प्रयोगशाला परीक्षण, तथ्यांक प्रबिस्ट गर्ने प्रणाली मर्मत तथा स्तरोन्नति, सूचना प्रणाली (एस.एम.एस.) सेवा खरिद, मौसमी तथ्यांक प्रणाली खरिद, रोग किरा पहिचानको लागि माइक्रोस्कोप र अन्य सम्बन्धित औजाहरु खरिद, अन्तरक्रिया गोष्ठी संचालन, प्राविधिक पुस्तिका/ब्रोसर/लिफलेट प्रकाशन आदीमा खर्च गर्न सकिने छ ।

(२) तथ्यांक संकलन गर्ने संकलकलाई प्रोत्साहन गरिनेछ । तथ्यांक संकलन गर्ने स्थानीय तहमा कार्यरत तोकिएका कृषि अधिकृत तथा प्राविधिक संकलकलाई हरेक पालिकामा न्युनतम ५ वटा र अधिकतम ३० वटा नमुना हुने गरी संकलनका लागि यातयात तथा संचार खर्च बापत प्रति महिना प्रति नमुना रु.१०० प्रदान गर्न सकिने छ । संकलकले पठाएको नमुना अनुसूची-१० बमोजिमको ढाँचामा हुनुपर्नेछ । प्राप्त तथ्याकं तोकिएको ढाँचामा भए नभएको तथा विश्लेषण गर्नको लागि प्रयास भए नभएको भन्ने कुराको निर्धारण प्राविधिक कार्य समुहले गर्नेछ । प्राविधिक कार्यसमुहले उपयुक्त मानेको तथ्याकंको संकलकलाई मात्र तोकिएको खर्च वा प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

## <u>परिच्छेद</u>-३
## <u>विविध</u>

१. **<u>अनुगमन तथा मूल्याङ्कन</u>**ः मन्त्रालय, निर्देशनालय, ज्ञान केन्द्रले आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ । सेवा सुविधा प्राप्त गर्ने लाभग्राहीले प्राप्त गरेको सेवा सुविधा प्रयोग गरे/नगरेको सन्दर्भमा प्रत्येक वर्ष कार्यान्वयन निकायवाट मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२. **<u>कारवाहीको व्यवस्था</u>**ः साझेदारले सम्झौता बमोजिम प्रोत्साहन रकम लिई दुरुपयोग गरेको पाईएमा प्रदेश सरकारबाट प्राप्त रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र प्रदेश सरकारवाट सञ्चालन हुने कार्यक्रममा समावेश गरिने छैन ।

३. **<u>प्रचलित कानून बमोजिम हुने</u>ः** यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

४. **<u>संशोधन</u>ः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ ।

## अनुसूची -१

## <u>कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हानको सूचनाको ढाचाँ</u>

*<u>प्रथम पटक प्रकाशन मितिः</u>*

(कार्यालयको नाम) (ठेगाना) को आर्थिक वर्ष....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार (कार्यक्रमको नाम) रहेको हुँदा इच्छुक कृषक समूह, कृषि सहकारी र कृषि फर्मले .......दिनभित्र अनुसूची-२ अनुसारको आवेदन, तपसिलमा माग गरेको कागजातहरु, अनुसूची (नम्बर) अनुसारको प्रस्ताव, अनुसूची-३ बमोजिमको प्रतिवद्धता सहित आवेदन (कार्यालयको नाम) मा दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>ः

१.

२.

३.

<u>पुनश्चः</u> कृषि विकास कार्यक्रम सञ्चालन प्रक्रिया कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको बेवसाईट www.molmac.bagamati.gov.np वा (सम्बन्धित कार्यालयको) बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

## अनुसूची -२
## <u>आवेदन फाराम</u>

श्री मान प्रमुखज्यू,
(सम्बन्धित कार्यालय) मिति :
…………।

विषय : ………..प्रस्ताव पेश गरेको सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा तहाँ (कार्यालयको नाम) बाट मिति ……………………..मा प्रकाशित सूचना अनुसार ……………………………कृषक समूह/कृषि सहकारी/नीजि क्षेत्रले (कार्यक्रमको नाम) कार्यक्रम सञ्चालनका लागि तपसिलमा उल्लेखित आवश्यक कागजात यसैसाथ संलग्न गरी यो आवेदन पेश गरेको/गरेका छु/छौं । यस आवेदन साथ संलग्न कागजात तथा सूचनाहरु जाने बुझे सम्म ठीक छन्, यदि झुटो ठहरिएमा आवेदन खारेज गरी सो अनुसार कारबाही भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

संलग्न कागजातहरु:

१.

२.

३.

४.

आवेदक

नामः

पदः

ठेगानाः

छापः

## अनुसूची -३
## प्रतिबद्धता पत्र

..........................को मिति..............................को सूचना अनुसार ........कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजना अुनसारको कार्य नगरेमा प्रदेश सरकारवाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं ।अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**आवेदकको तर्फबाट**

नामः

पदः

स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

दायाँ

बाँया

## अनुसूची-४
## स्थलतगत अनुगमन तथा अनुमानित उत्पादनको आँकलन गरि पाउ भन्ने निवेदन

मितिः

श्री प्रमुखज्यू,

.............

.............।

विषयः स्थलगत अनुगमन तथा बाली कटानी गरी पाउँ

महोदाय,

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति................मा ....................कार्यक्रममा सहभागि हुन प्रकाशित सूचना बमोजिम......क्षेत्रफलमा............खेती कार्य सम्पन्न भई सकेको हुदा उक्त खेतीको स्थलगत अनुगमन गरी अनुमानित उत्पादन परिमाणको आँकलन समेत गरिदिनुहुन अनुरोध गर्दछौ ।

**आवेदक**

## अनुसूची- ५

## बाली कटानी तथा कार्य सम्पन्न प्रतिवेदनको ढाचा

१. कृषकको नामः
२. ठेगानाः
३. बालीको नामः
४. खेती गरिएको जग्गाको क्षेत्रफलः
५. बाली कटानी गरिएको जग्गाको क्षेत्रफलः
६. जम्मा उत्पादनः
७. प्रति के.जि. प्रोत्साहनः
८. जम्मा प्रोतसाहन रकमः

तयार गर्ने                    रुजु गर्ने                    सदर गर्ने

## अनुसूची -६

## प्रस्ताव-पत्र

| क) प्राविधिक प्रस्तावः | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवदेकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं./, मोवाइल नं. | |
| ६ | आवेदकको email address | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | |
| १० | भ्याट /पान दर्ता नम्बर | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | |
| १४.१ | | |
| १४.२ | | |
| १४.३ | | |
| १४.४ | | |
| १४.५ | | |

| | | | | |
|---|---|---|---|---|
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | | | |
| १५.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १५.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १५.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १५.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | | |
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पूरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |

| | |
|---|---|
| १८ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलापहरुको विवरणः |
| १८.१ | |
| १८.२ | |
| १८.३ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | क्रृयाकलाप कार्यान्वयन योजनाः | | | | | | | | | | | | |
| | योजना | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९.१ | | | | | | | | | | | | | |
| १९.२ | | | | | | | | | | | | | |
| १९.३ | | | | | | | | | | | | | |
| १९.४ | | | | | | | | | | | | | |

| | | |
|---|---|---|
| २० | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने): | |
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| २०.१ | | |
| २०.२ | | |
| २०.३ | | |
| २०.४ | | |

| | | |
|---|---|---|
| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउनेः | |
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु. |
| २१.१ | | |
| २१.२ | | |
| २१.३ | | |
| २१.४ | | |

| | |
|---|---|
| २२ | प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र): |
| २२.१ | |
| २२.२ | |
| २२.३ | |
| २२.४ | |

| | | |
|---|---|---|
| २३ | उपरोक्त कार्य सम्पादनका लागी भएको लगानी रकम रु. | |

| | | |
|---|---|---|
| २४ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने : | |
| | अनुभव तथा तालिमहरु | अवधी |
| २४.१ | | |
| २४.२ | | |
| २४.३ | | |
| २४.४ | | |

| | | | |
|---|---|---|---|
| २५ | प्रस्तावकसंग विद्यमान जनशक्ति विवरणः | | |
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालिमको नाम र अवधी |
| २५.१ | | | |

| | | | |
|---|---|---|---|
| २५.२ | | | |
| २५.३ | | | |
| २५.४ | | | |
| २६ | प्रस्तावित कार्यक्रमले सिर्जना गर्ने थप रोजगारी संख्याः | | |

**ख) आर्थिक प्रस्तावः**

प्रस्तावमा उल्लिखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क. सं. | मुख्य-मुख्य क्रियाकलापहरु | ईकाई | परिमाण | प्रति ईकाई दर | कुल लागत रकम रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| | | | जम्मा रकम रु. | | |

उल्लिखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।

प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छाप | |

अनुसूची -७

<u>मूल्याङ्कनका आधारहरु</u>

| क्र.सं. | विवरण | अंक | कैफियत |
|---|---|---|---|
| १ | **आबेदकको शैक्षिक योग्यता** | **१५** | प्रस्तावमा पेश गर्ने । |
| १.१ | कृषि बिषयमा स्नातकोत्तर | १५ | |
| १.२ | कृषि बिषयमा स्नातक | १० | |
| २ | **आवेदकको ब्यबसायिक कृषिमा अनुभब** | **१०** | |
| २.१ | ५ बर्ष भन्दा बढी | १० | प्रमाण पेश गर्ने |
| २.२ | २ देखि ५ वर्ष | ८ | |
| २.३ | २ वर्ष भन्दा कम | ६ | |
| ३ | **उपलब्ध सुविधा तथा भौतिक पूर्वाधार** | १० | स्थानिय तहको सिफारिश |
| ३.१ | सडक / बाटो | ४ | |
| ३.२ | बिजुली | ४ | |
| ३.३ | अन्य पूर्वाधार | २ | |
| ४ | **प्रस्तावित योजनामा उधमशिलाता प्रबर्धन र नबप्रबर्धनको क्षमता** | २० | प्रस्तावमा पेश गर्ने वा प्रमाणमा पेश गर्ने। |
| ४.१ | उच्च | २० | |
| ४.२ | मध्यम | १६ | |
| ४.३ | न्यून | १४ | |
| **५** | **व्यवसायिक संभावना(व्यवसायिक योजना)** | २० | प्रस्तावमा पेश गर्ने |
| ५.१ | ब्याबसायिक रुपमा दीगो देखिएको | २० | |
| ५.२ | ब्यबसायिक रुपमा मध्यम स्तरको देखिएको | १६ | |
| ५.३ | ब्यबसायिक रुपमा कमजोर देखिएको | १४ | |
| ६ | **स्थानीय तहको सिफारिस** | **१५** | |
| ६.१ | स्थानीय तहको सिफारीस भएको | १५ | प्रमाण पेश गर्ने |
| ६.२ | स्थानीय तहको सिफारीस नभएको | ० | |
| ७ | **ब्यबसायमा १५-४५ बर्ष सम्मको अन्य युवाहरुको संलग्नता** | १० | प्रस्ताबमा उल्लेख गर्ने |
| ७.१ | ५ जना भन्दा बढी | १० | |
| ७.२ | २-५ जना | ८ | |
| ७.३ | २ जना भन्दा कम | ७ | |
| | जम्मा | १०० | |

<u>**नोट**</u>ः छनौटको लागि कम्तिमा ५० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ

<u>अनुसूची-८</u>

१. आवेदकको विवरण

| क्र.सं. | विवरण | |
|---|---|---|
| १.१ | आवेदक संस्थाको नाम | |
| १.२ | ठेगाना | जिल्ला<br>गा.पा. /महा/उपमहा/न.पा.:<br>वडा.नं.:<br>स्थान: |
| १.३ | आवेदक संस्थाको स्थापना | दर्ता नं.:<br>दर्ता वर्ष:<br>दर्ता गर्ने निकाय: |
| १.४ | मू.अ.कर/स्थायी लेखा नं | |
| १.५ | बैंक खाता विवरण | |
| | खाता रहेको बैंकको नाम | |
| | ठेगाना | |
| | खाताको किसिम | |
| | खाता नं | |
| | खाता संचालकको नाम | |
| | खातामा हस्ताक्षर रहेका व्यक्तीहरुको विवरण | (१) नाम :<br>पद<br>(२) नाम<br>पद |
| १.६ | आवेदकको किसिम | समूह/सहकारी// निजी फर्म.......................... |
| १.७ | वर्तमानमा आवेदक संस्थाका के कस्ता गतिविधिहरु संचालित छन् उल्लेख गर्ने (बढीमा ५ बुदामा | |
| १.८ | अन्य (खुलाउनुहोस्) | |
| १.९ | जिम्मेवार व्यक्ति | |
| | नाम | |
| | पद | |
| | सम्पर्क फोन नं. | |
| | इमेल | |
| | पत्रचारको ठेगाना | |

२. संस्थामा रहेका सदस्य संख्या

| जम्मा सदस्य संख्या | महिला सदस्य संख्या | दलित | | जनजाती | | मुक्त कमैया/ हलिया | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| | | | | | | | | | |
| | | | | | | | | | |

३. हाइब्रिड सोलार ड्रायरमा प्रयोग गरिने वालीहरु

| वालीको नाम | उत्पादनको क्षेत्रफल | बार्षिक उत्पादन परिमाण | हाइब्रिड सोलार ड्रायर सञ्चालन पश्चात ड्राई गरिने बस्तुहरु | |
|---|---|---|---|---|
| | | | वस्तुहरु | परिमाण |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

४.संस्थाको बार्षिक कारोबार

| क्र.सं. | वालीको नाम | उत्पादन परिमाण(किलो) | बजारीकरण परिमाण (किलो) | जम्मा कारोबार (रु) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची -९

## मुल्याङ्कनका आधारहरु

| क्र.सं. | विवरण | अंक | कैफियत |
|---|---|---|---|
| १ | **आवेदकको संस्थागत अवस्था र क्षमता** | १० | |
| १.१ | अनुभव | १० | प्रमाण पेश गर्ने । |
| १.१.१ | ५ बर्ष भन्दा बढी | १० | |
| १.१.२ | २ देखि ५ वर्ष | ८ | |
| १.१.३ | २ वर्ष भन्दा कम | ६ | |
| २ | **उपलब्ध सुविधा तथा भौतिक पूर्वाधार** | १० | स्थानिय तहको सिफारिश |
| २.१ | सडक /बाटो | ४ | |
| २.२ | बिजुली | ४ | |
| २.३ | अन्य पूर्वाधार | २ | |
| ३ | **हाइब्रिड सोलार ड्रायर संचालन गर्न जनशक्तिको उपलब्धता** | ४ | प्रस्तावमा पेश गर्ने वा प्रमाणमा पेश गर्ने। |
| ३.१ | प्राविधिक, व्यवस्थापकिय तथा अदक्ष सबै उपलब्ध | ४ | |
| ३.२ | प्राविधिक, व्यवस्थापकिय मध्ये कुनै एकसंगै अदक्ष उपलब्ध | ३ | |
| ३.३ | प्राविधिक, व्यवस्थापकिय मध्ये कुनै एक उपलब्ध | २ | |
| ३.४ | अदक्ष मात्र उपलब्ध | १ | |
| ४ | **स्थानीय तह र कृषि ज्ञान केन्द्रको सिफारीस** | ६ | |
| ४.१ | स्थानीय तह र ज्ञान केन्द्र दुबैको सिफारीस भएको | ६ | |
| ४.२ | स्थानीय तह र ज्ञान केन्द्र दुबैको मध्ये कुनै एकको सिफारीस भएको | ३ | |
| ४.२ | कुनै पनि सिफारीस नभएको | ० | |
| ५ | **व्यवसायिक संभावना(व्यवसायिक योजना)** | ३० | प्रस्तावमा पेश गर्ने |
| ५.१ | ब्याबसायिक रुपमा दीगो देखिएको | २० | |
| ५.२ | ब्यबसायिक रुपमा मध्यम स्तरको देखिएको | १५ | |
| ५.३ | ब्यबसायिक रुपमा कमजोर देखिएको | १० | |
| ६ | **उत्पादनको क्षत्रफल** | २० | प्रमाण पेश गर्ने। |
| ६.१ | तरकारीको लागि १० रोपनी भन्दा बढी खेती भएको/च्याउको लागि ५००० के.जी वार्षिक उत्पादन भन्दा बढी | १५ | |
| ६.२ | तरकारीको लागि ५ रोपनी भन्दा बढी खेती भएको/च्याउको लागि ४००० के.जी वार्षिक उत्पादन भन्दा बढी | १० | |
| ६.३ | तरकारीको लागि ३ रोपनी भन्दा बढी खेती भएको/च्याउको लागि ३००० के.जी वार्षिक उत्पादन भन्दा बढी | ८ | |
| ७ | **बजारीकरण** | २० | प्रमाण पेश |

| | | | |
|---|---|---|---|
| | | | गर्ने। |
| ७.१ | बार्षिक २० लाख भन्दा माथिको कारोबार | १५ | |
| ७.२ | बार्षिक १० लाख भन्दा माथिको कारोबार | १० | |
| ७.३ | बार्षिक ५ लाख भन्दा माथिको कारोबार | ८ | |
| | जम्मा | १०० | |

**नोट**ः छनौटको लागि कम्तिमा ५० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ

राय तथा सुझाव अगाडि बढाउने /नबढाउने प्रष्ट धारणा सहितको कारणहरु उल्लेख गर्ने ।

मूल्याङ्कनकर्ताको

नाम हस्ताक्षरः मितिः

अनुसुची -१०

**प्राविधिक कार्य समुहलाई उपलब्ध गराउने कृषकको समस्या सम्बन्धी तथ्याकंको नमुना**

| | |
|---|---|
| मितिः | |
| कृषकको नामः | वडाः |
| मोबाईल नम्बरः | टोलः |
| जिल्लाः | बालीः |
| पालिकाः | जातः |

**बालीको बृद्धि अवस्थाः**

| | |
|---|---|
| बेर्ना | |
| वानस्पतिक | |
| फुल फूल्ने | |
| फल लाग्ने | |
| पाकेको | |
| कटानी पछी | |

**असर पारेको भागः**

| | | | |
|---|---|---|---|
| बीउ | | पात | |
| जरा | | फुल | |
| फेद | | फल | |
| काण्ड | | पुरा बोट | |
| हाँगा | | टुप्पो | |

**मुख्य लक्षण तथा समस्याको वर्णनः**

| | |
|---|---|
| समस्या देखिएको पुरा क्षेत्रफलः | ...........कट्ठा |
| समस्या भएको खास क्षेत्रफल | ...........प्रतिशत |
| समस्या देखिएको समयः | ...... दिन पहिले |

**समस्या समाधानका लागि गरिएका प्रयासहरुः**

कम्तीमा ३ वटा फोटो/भिडियो (आवश्यकता अनसार)

**नोटः अरु आवश्यक कुरा प्राविधिक कार्य समुहले सम्बन्धितलाई सोध्नेछ ।**

अनुसूची-११

<u>कृषि-मौसम सल्लाह बुलेटिनको नमूना</u>

| |
|---|
| कृषि ज्ञान केन्द्र, ........द्वारा जारी<br>**कृषि-मौसम सल्लाह बुलेटिन** |

| | | |
|---|---|---|
| **बर्ष- , अङ्क-** | **वैद्यताको अवधि-** | **मितिः** |

| |
|---|
| **मौसमी अवस्थाको सारांश:** |
| कृषि सल्लाहको सारांश: |
| समय सानदर्भिक बाली नालीमा देखापरेका समस्या वा देखापर्न सक्ने रोग कीराको समस्या, व्यवस्थापनका उपायहरु साथै खेती प्रविधिमा अपनाउनुपर्ने विधिहरु (चित्र सहित): |
| सचेतना सन्देशहरु: |
| <u>जारी गर्ने</u><br>**कृषि ज्ञान केन्द्र, ..........**<br>बागमती प्रदेश<br>सम्पर्क नम्बर: ..................<br>इमेल: |